अदालतले भर्ने ..........
दर्ता नं. .....................
दर्ता मिति ................

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ वमोजिम दायर गरेको

## थप अभियोग पत्र

आ.व. २०८२/०८३ सालको निर्णय नम्बरः

प्र.नि. राजेश थापा, केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौंको जाहेरीले नेपाल सरकार**............१** **वादी**

**विरुद्धः**

जिल्ला रोल्पा, साविक लिवाङ गा.वि.स. वडा नं. ७ हाल परिवर्तित रोल्पा नगरपालिका, वडा नं. १ स्थायी वतन भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २६, खुमलटार बस्ने वर्ष ६६ को **कृष्ण बहादुर महरा** (ना.प्र.प.नं. ११६/१४६६४)**..............................................................१** **प्रतिवादी**

**मुद्दाः भन्सार ऐन, २०६४ अन्तर्गत भन्सार चोरी पैठारी तथा संगठित अपराध**

**मुद्दाको संक्षिप्त तथ्यः**

**क. मूल अभियोग पत्र**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर काठमाडौंका प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको जाहेरीले वादी नेपाल सरकार प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेव राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क., दिपेश बस्नेत, गोपाल सुवेदी र राम केशव थापा भएको आपराधिक विश्वासघात गर्न नहुने र संगठित अपराध सम्बन्धी कसुर मुद्दा मिति २०८०/०३/२७ मा काठमाडौं जिल्ला अदालतमा दायर भएको।

**ख. प्रथम पुरक अभियोग**

प्र.ना.उ. दुर्गा प्रसाद दाहाल, केन्द्रिय अनुसन्धान ब्यूरो महाराजगंजको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादीहरु राहुल भन्ने रेशम महरा, लोकेन्द्र कुमार पौडेल, दावा छिरिङ र निमा गुरुङ भएको आपराधिक विश्वासघात गर्न नहुने, भन्सार चोरी पैठारी र संगठित अपराध सम्बन्धी कसुर मुद्दा मिति २०८०/०६/२३ मा काठमाडौं जिल्ला अदालतमा दायर भएको।

**ग. प्रस्तुत मुद्दाको संक्षिप्त तथ्यः-**

**१. प्र.नि. राजेश थापा, केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौंको प्रतिवेदन:**

मितिः २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ नागरिक राहदानी नम्बर EJ 6350030 वाहक LI HANSONG ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, गौचरण, काठमाडौं हुँदै नेपालमा ल्याउँदै गरेको अवस्थामा उल्लेखित मालवस्तु जफत भएको, सो ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा आवश्यक कानूनी प्रकृयामा रहेको अवस्थामा प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेव राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क., दिपेश बस्नेत समेतले उल्लेखित VAPES मा रहेको सुन निकाली वेचबिखन गरेको देखिई निज प्रतिवादीहरु उपर आपराधिक विश्वाधात तथा संगठित अपराध मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता भएकोमा सो मुद्दामा प्रतिवादीहरु नन्द कुमार पाडुरङ मरगले र राहुल भन्ने रेशम महरा समेत उपर अनुसन्धान भएको संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम हुने गरी अभियोजन भएकोमा प्रस्तुत मुद्दामा चिनियाँ नागरिक राहदानी नम्बर EJ 6350030 वाहक LI HANSONG ले अवैध रुपमा २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) पैठारी गरी सोमा लुकाई छिपाई अं. ९ के.जी. र ११.५२४ ग्रामले हुन आउने ८,५५,२८,३७४।– (रु आठ करोड पचपन्न लाख अट्ठाईस हजार तीन सय चौहत्तर मात्र) बराबरको सुन अवैध रुपमा पैठारी तथा संगठित अपराध मुद्दाका सम्बन्धमा नेपाल सरकारबाट गठित सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८०, सिंहदरबार, काठमाडौंले तयार गरेको प्रतिवेदनमा निज कृष्ण बहादुर महराका हकमा निजको उक्त वारदातमा संलग्न रहेका चिनिया नागरिक  दावाजिन बाङ (**DAOJIN WANG)** सँग विभिन्न मितिमा पटक पटक फोन सम्पर्क भएको देखिएको, निजसँग पटक पटक उठ बस हुने गरेको निजको फोन सम्पर्क र निज प्रतिवादीका छोराहरुको बयान व्यहोरासमेतबाट खुल्न आएको, निज प्रतिवादीले प्रमुख भन्सार अधिकृतलाई फोन सम्पर्क गरी अवैध रुपमा भन्सार चोरी पैठारी गरी भित्र्याएको ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र रहेको सुन जाँच पाश गरिदिन पटक पटक सम्पर्क गरी निजको छोरा राहुल भन्ने रेशम महरालाई उक्त सुन रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउन पठाएकोसमेतका आधारमा निज कृष्ण बहादुर महराका हकमा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ र ४ को कसूर तथा भन्सार ऐन, २०६४ को दफा ५७ समेतको कसूरमा कानून बमोजिम अभियोजन गर्न सिफारिस गरेको हुँदा निज कृष्ण बहादुर महरालाई पक्राउ गरी अनुसन्धान गरीपाउँ भनी लिङक चार्ट रहेको पाना-१, सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८० को प्रतिवेदन मध्येको पाना ६ समेत राखी आवश्यक कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको प्र.नि. राजेश थापाको मिति २०८०/१२/०५ को प्रतिवेदन।

**२. प्रतिवादी कृष्ण बहादुर महराको बयान:**

म नेपाल सरकारको संचार मन्त्री हुँदा चिनियाँ नागरिक Daojin Wang फलफूल लिएर मलाई बधाई दिनका लागि म बस्ने गरेको घरमा आएकोले सोही बेला मैंले निजलाई चिनेको हुँ । निजले मलाई आफू फलफूल व्यापारी हुँ भनी बताएको हुँदा मैंले फलफूल व्यापारीको रुपमा मात्र निजलाई चिनेको हुँ। निज चिनियाँ नागरिक Daojin Wang ले गलैंचा, जडिबुटी, खाद्यान्न, विद्युतीय सामाग्री आदिको व्यापार गर्ने गरेको बारेमा मलाई

थाहा छैन । निजको व्यवसायमा मेरो कुनै पनि प्रकारको साझेदारी छैन । प्रमुख भन्सार प्रशासक अरुण पोखरेलसँग मैंले प्रयोग गर्ने ९८५१२४००५५ नं. को मोबाईलमा एक पटक कुराकानी हुँदा सामान वैध हो कि अवैध हो, यदि वैध हो भने कानून बमोजिम के गर्न मिल्छ गरी दिनु होला मात्र भनेको हो । मेरो छोरा आउँछ, हेरी दिनु भनेको होईन । म राजनैतिक व्यक्ति भएकोले धेरै जनासँग भेटघाट तथा फोनमा कुराकानी हुने गरेको हुँदा सबै कुरा याद छैन । मितिः २०७९।९।१० गते विदेश (दुबई) बाट ल्याएको ईलेक्ट्रिक सिगरेट (Vape) ७३० थान त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलका कर्मचारीले नियन्त्रणमा लिएकोले चिनियाँ नागरिक दावाजिन वाङ (DAOJIN WANG) ले मलाई मेरो ९८५१२४००५५ नं.मा फोन गरी बिदेशबाट ल्याएको ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा रोकिएको छ, भनी दिनु पर्‍यो भनी बताए पछि थाहा भएको हो । निजले मलाई के कुन मितिमा फोन गरे भन्ने कुरा यकिन छैन । मेरो भन्सार प्रमुख प्रशासक अरुण पोखरेलसँग कुरा हुँदा सामान वैध, अवैध के हो ? वैध हो भने कानून बमोजिम के गर्न मिल्छ गरी दिनु मात्र भनेको हो । निजले कति कारणले मेरो छोरा आउँछ हेरी सहयोग गरी दिनु भनेको भनी खुलाए मलाई थाहा भएन । उक्त सुनको अवैध पैठारी (तस्करी) मा मेरो कुनै पनि संलग्नता छैन । मैंले मेरो परिवारका सदस्यहरुलाई कुनै राजनैतिक संरक्षण गरेको छैन । चिनियाँ नागरिकले इलेक्ट्रिक सिगरेट (Vapes) भित्र लुकाई छिपाई लिई आएको सुन अवैध रुपमा नेपाल भित्र्याउनको लागि मेरो कुनै लगानी छैन । अवैध सुन कारोबारमा मेरो लगानी छैन भन्ने समेत व्यहोराको **प्रतिवादी कृष्ण बहादुर महराको बयान कागज ।**

**३. बुझिएका मानिसहरुले गरिदिएको घटना विवरण कागज:**

**(क) अरुण पोखरेलले गरिदिएको कागजः-**

म मितिः २०७९/०५/२० गतेदेखि मितिः २०८०/०३/१५ गतेसम्म त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासकको पदमा कार्यरत रही आएको थिएँ । मितिः २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका चिनियाँ यात्रु LI HANSONG ले लिई आएको २ वटा सुटकेसभित्र अस्वभाविक ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) रहेको देखिएकोले व्यापारिक प्रयोजनका लागि ल्याएको हुन सक्ने देखी उक्त दिन यात्रु जाँचपास तथा सहजीकरण शाखामा ड्यूटीमा रहेका प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठले उक्त सामान सहितको सुटकेश जफत गरेका रहेछन् । उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) आवश्यक कारवाहीको लागि मुद्दा तथा लिलामी शाखामा पठाउने क्रममा मितिः २०७९/१०/२९ गते ड्यूटीमा रहेका टाईपिष्ट ना.सु. सरोज श्रेष्ठले सामानको फोटो खिची राखेका रहेछन् । जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) सुर्तिजन्य पदार्थ भएकोले लिलाम वा नष्ट के गर्ने भन्ने सम्बन्धमा द्विविधा भई आन्तरिक छलफलमैं रहेको थियो । २०७६ सालमा म डिल्ली बजार कारागार कार्यालय, काठमाडौंमा जेलर रहेको अवस्थामा प्रतिवादी कृष्ण बहादुर महरा करणी सम्बन्धी कसूर मुद्दामा पुर्पक्षको लागि सोही कारागारमा थुनामा रहेकोले निज र म बिच सामान्य चिनजान भएको थियो । त्यसपछि भने निज र मेरो सम्पर्क थिएन । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भन्सारमा रोकिएको अवस्थामा निज प्रतिवादी कृष्ण बहादुर महराले निजको ९८५१२४००५५ नम्बरबाट मैंले प्रयोग गर्ने ९८४१२९५४१३ नम्बरमा १ पटक फोन गरी मेरो छोरा राहुल भन्ने रेशम महरा आउँछ के रहेछ हेरी दिनु होला भनेको थिए । सोही विषयलाई लिएर प्रतिवादी कृष्ण बहादुर महरा र म बीच अन्य भेटघाट र कुराकानी भने केही भएको छैन । प्रतिवादी कृष्ण बहादुर महराले मलाई फोन गरेको २/३ दिनपछि निजको छोरा राहुल भन्ने रेशम महराले निजको ९८५११११८८८ नम्बरबाट मैंले

प्रयोग गर्ने ९८४१२९५४१३ नम्बरमा पटक पटक फोन गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) छाडी दिन भनेका र कार्यालयमा आएर समेत भेटेका थिए । यसरी निजले पटक पटक गरी ६/७ पटक सोही विषयलाई लिएर कार्यालयमा दबाब दिन आउने क्रममा एक दिन सोही विषयमा कुरा गर्न निज राहुल महरा र नाम थर समेत थाहा नभएका अ.५५ वर्षका, मोटो शरीर, उचाई अं.५.७ फिट भएको मंगोलियन जस्तो देखिने व्यक्तिले जफत भएको मालबस्तु रहेको सुटकेश हेर्नको लागि समेत अनुरोध गरेका थिए । हाल थाहा पाए अनुसार निज मानिस ASIN भन्ने YONGXIN PENG रहेछन् । निज मानिसले राम्रोसँग नेपाली भाषा बोलेका थिए । सो पश्चात निजलाई गोदाममा रहेको माल बस्तु किन हेर्नुपऱ्यो, तपाईहरु पटक पटक किन यो कामको लागि आउनु भएको छ, सो सुटकेशमा कुनै शंकास्पद मालवस्तु रहेको छ की, यसमा प्रहरीले समेत अनुसन्धान गर्ने कुरा रहेको छ भनी निजहरुको नियत बुझ्नको लागि भनेको थिएँ । यदि आयोजनाको लागि ईलेक्ट्रिक सिगरेट (Vapes) चाहिने भए बजारमा अरु पनि ईलेक्ट्रिक सिगरेट (Vapes) पाउन सकिने भन्दा निजले होईन, यो जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) नै चाहिन्छ भनि जवाफ समेत दिएका थिए । सो पश्चात कुनै खास ईलेक्ट्रिक सिगरेट (Vapes) को लागि उनीहरुको अत्याधिक चासो अस्वाभाविक लागेकोले सो मालवस्तुको सम्बन्धमा थप छानविन गर्ने क्रममा गोदाममा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) साटिएको अवस्थामा फेला पारी बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिएकोले मैंले तत्कालै प्रमुख भन्सार प्रशासकको हैसियतले थप अनुसन्धान तथा कारवाहीको लागि केन्द्रीय अनुसन्धान ब्यूरोमा पत्राचार समेत गरेको हुँ भन्ने समेत व्यहोराको **अरुण पोखरेलको कागज** ।

**(ख) <u>निर्मल महराको कागज:</u>**

जिल्ला दाङ, गढ़वा गाउँपालिका वडा नं. ४ स्थित म समेत ५ जनाको साझेदारीमा खुशी एग्रो मल्टिप्रपोज प्राईभेट लिमिटेड खोली सदस्यको हैसियतमा म करिव ५ वर्ष अगाडि देखी सोही लिमिटेडमा कृषिको बिउबिजनहरु उत्पादन तथा बिक्री गर्ने काम गर्दै आएको छु । मैंले चिनियाँ नागरिक Daojin Wang लाई करिव १० वर्ष अगाडिदेखि चिन्दछु । निजले बल्खुमा रहेको विभिन्न फलफुलहरुको होलसेल पसलहरुमा स्याउहरु निर्यात गर्ने काम गर्दै गर्दा म पनि बल्खुमै रहेको फलफुल पसलमा फलफुल किन्न जाने क्रममा निज Daojin Wang सँग भेट भई चिनजान भएको हो । निजले ताजा स्याउ पसलमा सप्लाई गर्ने गरेको र मेरो आमा बिरामी भएकोले ताजा स्याउ आवश्यक पर्ने तथा परिवारका सदस्यहरु सबैले ताजा स्याउ खानको लागि निजले सप्लाई गर्ने पसलहरुबाट मात्र स्याउ किन्ने गरेको थिएँ । फलफुल किन्दा निज Daojin Wang को मोवाईलमा फोन सम्पर्क गरी ताजा स्याउ आयो कि आएन भनि सोधी स्याउ किन्न जाने गर्दथें । मेरो बुबा कृष्ण बहादुर महरा संचार मन्त्री भएको बेलामा निज Daojin Wang बधाई दिनका लागि आएको भन्ने कुरा सुनेको हुँ । म उक्त समयमा Cantonment भएकोले आएको थिईन । यसरी म काठमाडौं आएको बेलामा निज Daojin Wang सँग फोन सम्पर्क हुने र मसँग भेट्ने भनेको मैंले निजले सप्लाई गरेको ताजा स्याउ खरीद गर्नको लागि हो । यस बाहेक अन्य कुनै प्रयोजनको लागि हाम्रो भेट तथा फोन हुने गरेको थिएन । निज Daojin Wang ले अवैध रुपमा सुन नेपाल ल्याई भन्सार चोरी पैठारी गरेको कुरा Media हरुबाट समाचारहरु आउन थालेपछि मैंले रातोपाटीमा पढेर थाहा पाएको हुँ । तर के-कुन मितिमा Daojin Wang समेतले भन्सार चोरी पैठारी गरी ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन राखी ल्याएको र उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भएको भनी एकिन थाहा भएन । म दाङमा भएको बेला २०७९ साल पौष महिनाको १० गतेतिर निज Daojin Wang को

मोवाइलबाट नेपाली भाषा बोल्ने मानिसले पटक-पटक मलाई फोन सम्पर्क गरी तपाई कहाँ हुनुहुन्छ, कहिले काठमाडौं आउनु हुन्छ भनी सोधेपछि मैंले आफू व्यस्त भएकोले तत्काल काठमाडौं आउन नसकिने भनी जानकारी गराएको थिएँ । सोही कारणले CDR अभिलेखमा म र Daojin Wang ले प्रयोग गर्ने मोवाईल फोनमा हामीहरुबिच पटक-पटक फोन सम्पर्क भएको देखिएको हो । निज चिनियाँ नागरिक Daojin Wang हाल के-कहाँ छन् मलाई थाहा छैन । मेरो बाबु कृष्ण बहादुर महरा र निज चिनियाँ नगारिक Daojin Wang बिच के कस्तो सम्बन्ध रहेको थियो सो सम्बन्धमा मलाई केही थाहा भएन । Daojin Wang सँग निरन्तर फोन सम्पर्क देखिएका मोबाईल नं ९८५७८२१६१५ का प्रयोगकर्ता गंगा बहादुर के. सी. नभई गन्ज बहादुर के. सी. हुन् । निज रोल्पा जिल्ला निवासी मेरो काका नाताका व्यक्ति हुन् । निज हाल रोल्पा जिल्लामै हुनुपर्छ । निजको चिनियाँ नागरिक Daojin Wang सँग निरन्तर सम्पर्क हुनुको कारण मलाई थाहा भएन । Daojin Wang सँग निरन्तर फोन सम्पर्क देखिएका मोबाईल नं ९८६९०००२०४ का प्रयोगकर्ता जीवन गुरुङ पूर्व उपराष्ट्रपति नन्द बहादुर पुनका परराष्ट्र विज्ञ थिए । सोही समयमा मेरो बाबु कृष्ण बहादुर महरा सभामुख भएको हुँदा कार्यालयको कामको सिलसिलामा हाम्रो मोवाईल फोन सम्पर्क हुने गरेको थियो । निज चिनियाँ नागरिक Daojin Wang र जीवन गुरुङको बिचमा फोन सम्पर्क हुनुको कारण मलाई थाहा भएन । मोबाईल नं ९८४९९०१४२२ का प्रयोगकर्ता बिमला महरा (के.सी.) मेरो एक मात्र भाई राहुल भन्ने रेशम महराको श्रीमती भएकोले बुहारी पर्दछिन् । बुहारी बिमला महरा (के.सी.) र चिनियाँ नागरिक Daojin Wang बिचको मोवाईल सम्पर्कबारे पनि मलाई थाहा भएन भन्ने समेत व्यहोराको निर्मल महराको कागज ।

**(ग) बिमला महराको कागज:**

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८० सिंहदरवार, काठमाडौंको प्रतिवेदन लगायतका मिसिल संलग्न कागजातहरु पढिबाँची सुनाउँदा सुनी पाएँ । यसमा मेरो सत्य साँचो व्यहोरा यो छ की निज चिनियाँ नागरिक Daojin Wang र मेरो दोहोरो चिनजान छैन । मेरो श्रीमान रेशम महरा प्रस्तुत कसुरको अनुसन्धानको क्रममा पक्राउ परे पश्चात विभिन्न संचार माध्यमहरुमा Daojin Wang को फोटो प्रकाशित हुँदा निजलाई कतै देखेको जस्तो लागेको थियो । निजसँग मेरो प्रत्यक्ष रुपमा भेटघाट तथा सम्पर्क नम्बर आदान प्रदान भएको छैन । मेरो ससुरा कृष्ण बहादुर महरा सभामुख हुँदा राजनैतिक भेटघाटको क्रममा हाम्रो घरमा आउने व्यक्तिहरुसँग मेरो सम्पर्क नै हुँदैनथ्यो । मेरो आफ्नै व्यवसाय भएकोले म मेरै काममा व्यस्त हुने गर्दथें । चिनियाँ नागरिक Daojin Wang र म बिच मोवाईल फोनमा वार्तालाप भएको जस्तो मलाई लाग्दैन । म र Daojin Wang बिच एक आपसमा ८ पटक फोन सम्पर्क भएको सम्बन्धमा मलाई एकिन भएन । कृष्ण बहादुर महरा र निज चिनियाँ नगारिक Daojin Wang बिच के कस्तो सम्बन्ध रहेको थियो सो सम्बन्धमा मलाई केहि थाहा भएन । निज चिनियाँ नागरिक Daojin Wang हाल कहाँ छन् सो बारेमा मलाई केही थाहा छैन भन्ने समेत व्यहोराको बिमला महराको कागज ।

**(घ) गन्ज बहादुर के.सी.को कागज:**

मैंले प्रयोग गर्दै आएको मोबाईल फोन नं. ९८५७८२१६१५ हो । उक्त सिमकार्ड मेरै नाममा दर्ता रहेको छ । मैंले करिव ५/६ वर्ष देखि प्रयोग गर्दै आएको छु । मैंले sunelan कम्पनीको key pad भएको मोबाईल फोन करिव १ महिना अघिदेखि प्रयोग गर्दै आएको छु । सो भन्दा अघि मैंले प्रयोग गरेको कम्पनीको नाम थाहा नभएको Screen touch मोबाईल फोन काम नलाग्ने गरी बिग्रिए पश्चात सो मोबाईल फालेर मैंले हाल प्रयोग गर्दै

आएको मोबाईल फोन प्रयोग गर्दै आई रहेको छु। प्रतिवादी चिनियाँ नागरिक हाल पुरा नाम थाहा भएको Daojin Wang भन्ने व्यक्तिलाई मैंले करिव डेढ वर्ष अघि काठमाडौंको बालाजु स्थित रहेको होलसेल कपडा पसलमा भेटेको थिएँ। निजलाई मैंले चिन्दा Wang नामबाट मात्र चिनेको थिएँ। निजले त्यहाँ प्रति कपडा (टि सर्ट, पाईन्ट) रु चार सय र रु छ सयमा बिक्री गर्दथे। मैंले निजको पसलबाट कपडा खरिद गरी रोल्पा जिल्लामा लिई गई व्यापार गर्ने मनसाय बनाएको थिएँ। निजले मलाई मैंले खरीद गर्न चाहेको कपडाको रकम अग्रिम भुक्तानी गरे पश्चात मात्र चीनबाट कपडा मगाई दिने शर्त राखेपछि मसँग पैसा नभएको कारण मैंले निजसँग व्यवसाय गर्न सकिनँ। सोही सिलसिलामा निजसँग भेटघाट भई मोबाईल नं. आदान प्रदान भएको थियो। निजले प्रयोग गर्दै आएको मोबाईल नं ९८०१०९९९९८ मा मैंले प्रयोग गर्दै आएको मोबाईल नं ९८५७८२१६१५ बाट विभिन्न मितिमा ३८ पटक एक आपसमा मोबाईल सम्पर्क कपडा किनबेच गर्ने सम्बन्धमा मात्रै भएको हो। निजसँग मैंले २ पटक गरी करिव १ लाख ५० हजार रूपैयाँ बराबरको कपडा खरीद गरी रोल्पा जिल्लाको सदरमुकाम लिवाङ लगी आफ्नै घरबाट बिक्री गरेको थिएँ। निज चिनियाँ नागरिक Daojin Wang ले नेपाली भाषा पनि बोल्थे। निज Daojin Wang हाल के-कहाँ छन् मलाई थाहा भएन। यसै मुद्दाका प्रतिवादी कृष्ण बहादुर महरा, राहुल महरा र निज चिनियाँ नगारिक Daojin Wang बीचको सम्बन्ध तथा निजहरुबीच निरन्तर फोन सम्पर्क बारे मलाई थाहा भएन। प्रतिवादी कृष्ण बहादुर महरा मेरो आफ्नै जेठो मामाका छोरा दाई नाता पर्ने व्यक्ति हुन्। प्रतिवादी कृष्ण बहादुर महराका छोराहरु राहुल महरा र निर्मल महरा भतिज नाता पर्ने व्यक्तिहरु हुन्। कृष्ण बहादुर महराको मोबाईल नं ९८५१२४००५५, राहुल महराको मोबाईल न ९८५११११८८८ र निर्मल महराको मोबाईल नं. ९८५११३०३८८ मा मैंले प्रयोग गर्दै आएको मोबाईल फोनबाट निजहरु आफन्त भएको कारण विभिन्न मितिमा फोन सम्पर्क हुने गर्थ्यो। मेरी छोरी सरला के.सी.ले स्नातक तहमा अध्ययन गर्दै आई रहेकीमा निज कृष्ण बहादुर महरा तथा निजका छोराहरु काठमाडौं बस्ने भएको कारण निजहरुले कहीं कतै मेरी छोरीलाई रोजगारी दिलाउन सक्छन् की भनी मैंले फोन सम्पर्क गर्ने गरेको थिएँ। चिनियाँ नागरिक Daojin Wang, राहुल महरा, कृष्ण बहादुर महरा लगायतका व्यक्तिहरु उपर सुनको अवैध कारोबार गरेको कसूरमा अनुसन्धान भएको भनी विभिन्न संचार माध्यमहरुबाट थाहा पाएको थिएँ। निज चिनियाँ नागरिक Daojin Wang, राहुल महरा, कृष्ण बहादुर महरा र निर्मल महरासँग मेरो मोबाईल फोन सम्पर्क हुँदा कहिले पनि सुनको विषयमा कुरा भएको थिएन। सुनको अबैध कारोबारमा मेरो कुनै संलग्नता छैन। अन्य को कसको कस्तो प्रकारको संलग्नता छ, मलाई थाहा भएन भन्ने समेत व्यहोराको गन्ज बहादुर के.सी.को कागज।

**अभियुक्त उपरको अभियोगः**

प्रस्तुत मुद्दा **नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौं**बाट अनुसन्धान भई निर्णयार्थ प्राप्त मिसिल संलग्न कागजातहरु सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८० ले तत्कालीन माननीय उप प्रधानमन्त्री एवं गृहमन्त्री श्री रवि लामिछाने समक्ष मितिः २०८०/१२/०१ गते पेश गरेको प्रतिवेदन, प्र.नि.राजेश थापाले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रिय अनुसन्धान ब्यूरो, लाजिम्पाट, काठमाडौं समक्ष पेश गरेको मितिः २०८०/१२/०५ गते पेश गरेको प्रहरी प्रतिवेदन, बुझिएका मानिस तत्कालिन त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको कागज समेतलाई अध्ययन विश्लेषण गरी हेर्दा मितिः २०७९/०९/१० गते **Fly Dubai** को

**Flight number FZ**0587 बाट नेपाल आएका चिनियाँ नागरिक राहदानी नम्बर **EJ 6350030** वाहक **LI HANSONG** ले २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (**Vapes**) मा अवैध रुपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गौचरण काठमाडौं हुँदै नेपालमा ल्याउँदै गरेको ईलेक्ट्रिक सिगरेट (**Vapes**) भन्सारमा आवश्यक कानूनी प्रकृयामा रहेको अवस्थामा प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेव राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क., दिपेश बस्नेत समेतले उल्लेखित **VAPES** मा रहेको सुन निकाली बेचबिखन गरेकोमा आपराधिक विश्वाधात तथा संगठित अपराध मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर भएकोमा प्रतिवादीहरु नन्द कुमार पाण्डुरङ मरगले र राहुल भन्ने रेशम महरा समेत उपर संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवं मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३५ बमोजिम थप अभियोग समेत दायर भैसकेको देखिन्छ। प्रस्तुत मुद्दामा चिनियाँ नागरिक राहदानी नम्बर **EJ 6350030** वाहक **LI HANSONG** ले अवैधरुपमा २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (**Vapes**) पैठारी गरी सोमा लुकाई छिपाई अं. ९ के.जी. र ११.५२४ ग्राम अर्थात तत्कालिन बजार भाउ अनुसार हुन आउने रु. ८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर रुपैयाँ) बराबरको सुन अवैध रुपमा पैठारी तथा संगठित अपराध मुद्दाका सम्बन्धमा जाँचबुझ गर्न नेपाल सरकारबाट गठित सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८०, सिंहदरबार, काठमाडौंले तयार गरेको प्रतिवेदनमा यस मुद्दामा यी प्रतिवादी कृष्ण बहादुर महराको हकमा संङ्गठित अपराध ऐन, २०७० को दफा ३ र ४ को कसूर तथा भन्सार ऐन, २०६४ को दफा ५७ समेतको कसूरमा कानून बमोजिम अभियोजन गर्न सिफारिस समेत गरेको देखिएको भनी प्रहरी प्रतिवेदनसाथ उल्लिखित जाँचबुझ आयोगको यी प्रतिवादी उपरको कारबाही सिफारिसको अंश तथा कल विश्लेषण लिंक चार्ट समेत समावेश गरी पेश गरेको प्रहरी प्रतिवेदनबाट अनुसन्धान सुरु भएको देखिन्छ।

प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेको प्रहरी प्रतिवेदन, सोसाथ संलग्न सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८० को प्रतिवेदनका अंश पाना ६ (छ), अवैध सुन चोरी पैठारी गर्ने समूह **Chinese Lui, Daojin Wang** समेतसँग कुराकानी सम्पर्क गरेको **Link Chart,** प्रतिवादी कृष्ण बहादुर महराको बयान, बुझिएका मानिसहरु अरुण पोखरेल, निर्मल महरा, बिमला महरा, गन्ज बहादुर के.सी., नेपाल टेलिकमबाट प्राप्त युजर डिटेल, कल डिटेल समेत मिसिल संलग्न देहायमा उल्लेखित तथ्यहरुबाट प्रतिवादी कृष्ण बहादुरा महराले आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले नै आफू उच्च तहको राजनीतिक व्यक्ति भएको कुराको फाईदा उठाई प्रतिवादी **Daojin Wang** सँग मिली सुनको अवैध चोरी पैठारीमा प्रत्यक्ष संलग्न भएको देखिंदा निज प्रतिवादी कृष्ण बहादुर महराको उल्लिखित कार्य भन्सार ऐन, २०६४ र संगठित अपराध निवारण ऐन**,** २०७० बमोजिमको कसूर भएको वारदात पुष्टी हुन आयो।

**अब प्रस्तुत कसुर वारदातमा प्रतिवादीहरुले गरेको कसुरमा अभियोग र सजाय मागदाबी तर्फ हेर्दा,** निम्न उल्लेखित तथ्य प्रमाणहरुको आधारबाट प्रतिवादी कृष्ण बहादुर महराले भन्सार ऐन, २०६४ र संगठित अपराध निवारण ऐन, २०७० बमोजिमको कसूर गरेको पुष्टि हुन आउँछ।

- दावाजिन वाङ (DAOJIN WANG) नामक चिनियाँ नागरिकसँग कृष्ण बहादुर महराका छोरा (भेप प्रकरणको मुद्दामा अभियोग दाबी रही हाल पुर्पक्षका लागि थुनामा रहेका) राहुल भन्ने रेशम महरा चीनमा

चिनियाँ भाषा अध्ययन गर्न सन् २०११ मा गएको समयमा चिनजान सम्पर्क भई तत् पश्चात नियमित रुपमा निज कृष्ण बहादुर महराको घरमा आवत जावत भई सम्पर्कमा रहेको भन्ने देखिएको।

- छोरा राहुल भन्ने रेशम महराको साथी दावाजिन वाङ (DAOJIN WANG) र निज दावाजिन वाङको पनि साथी LI HANGSANG ले मितिः २०७९।९।१० गते विदेश (दुबई) बाट ल्याएको भेप ७३० मात्रा अर्थात धेरै मात्रा भई व्यापारिक प्रयोजनका लागि ल्याएको भन्ने देखिएको आधारमा भन्सार कर्मचारीहरूले नियन्त्रणमा लिएको उक्त भेपलाई छाडी दिन त्रि.वि. भन्सार कार्यालयका तत्कालीन प्रमुख भन्सार प्रशासक श्री अरुण पोखरेललाई २ पटक फोन सम्पर्क गरेको कल डिटेलबाट देखिएकोमा सो कल उक्त भेप छुटाउनको लागि नै भएको भन्ने प्रमुख प्रशासक अरुण पोखरेलको मौकाको कागजको व्यहोराबाट समर्थित भएको।
- दावाजिन वाङसँग भएका १८ कलमध्ये १२ कल सम्पर्क भएको तर त्यसलाई अस्वीकार गरी अरु कसैले गरेको होला, मैंले गरेको होइन भनी कल डिटेलबाट देखिएको वस्तुगत प्रमाणलाई अस्वीकार गरे पनि निजको सँग साथमा रहने मोबाईलबाट अन्यले कल गरेको होला भन्ने भनाई खण्डित भएको। निज प्रतिवादी कृष्ण बहादुर महराको छोरा निर्मल महराले पारिवारिक सम्बन्ध सरह खानपिन आवत जावत हुने गरेको भनी खुलाएका र अर्का छोरा राहुल भन्ने रेशम महराले पनि फलफूल लिएर राजनीतिक भेटघाटको सन्दर्भमा बेलाबेला आउने गरेका भनेका तर निज कृष्ण बहादुर महराले सञ्चार मन्त्री हुँदा एक पटक मात्र निवासमा आएको र भेप प्रकरणमा एक पटक मात्र फोन गरेको भन्ने जिकिर निज प्रतिवादी कै छोराहरूकै बयान तथा कलडिटेल विवरणको व्यहोराबाट खण्डित भएको।
- छोरा निर्मल महराका नाउँको मोबाइल नम्बरबाट निज कृष्ण बहादुर महराको फेसबुक खोलिएको र सो नम्बरबाट हुने कल सम्पर्कमा निज र छोरा निर्मल महराको दुबैको नाउँ समावेश कलडिटेल विवरणबाट देखिएकोले छोराको नाउँको उक्त मोबाइल निजले नै प्रयोग गर्ने भन्ने देखिएको र सो नम्बरबाट समेत दावाजिन वाङ लगायतसँग सम्पर्क भएको देखिएको।
- दावाजिन वाङको मोबाईल नम्बर ९८०१०९९९९८ र राहुल भन्ने रेशम महराको मोबाईल नम्बर ९८५१११९८८८, राहुलकी श्रीमती बिमला महराको मोबाईल नम्बर ९८४९९०१४२२, कृष्ण बहादुर महराको छोरा निर्मल महराको नाममा रही कृष्ण बहादुर महराले प्रयोग गर्ने गरेको मोबाईल नम्बर ९८५११३०३८८ बाट विभिन्न मितिमा पटक पटक दावाजिन वाङसँग कुराकानी भएको र वारदातकै नजिकको विभिन्न मितिमा दावाजिन वाङ र कृष्ण बहादुर महरा बीच पटक पटक फोन सम्पर्क भएको, जेठा छोरा निर्मल महरासँग पनि सोही मौकामा फोन सम्पर्क भएको र वारदातको लगत्तै फोन गरी काठमाडौं बोलाएकोमा आफू दाङमा रहेकोले आउन नसक्ने भनी जवाफ दिएको भन्ने निज निर्मल महराको CIB मा भएको कागज व्यहोरा रहेको, बिमला महराका नातेदार गन्ज बहादुर के.सी.को मोबाईल नम्बर ९८५७८२१६१५ मा पटक पटक मोबाइल सम्पर्क रहेको भन्ने सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँजबुझ आयोग, २०८० र मिसिल संलग्न कल डिटेल चार्ट समेतबाट प्रतिवादी कृष्ण बहादुर महरा र दावाजिन वाङसँगको सम्पर्क र सम्बन्ध निरन्तर र पारीवारिक एवं व्यावसायिक साझेदारी सम्बन्ध सरह रहेको देखिई प्रतिवादी कृष्ण बहादुर महरा दावाजिन वाङ

समेतसँगको मिलेमत्तो र सरसल्लाहमा संगठित रुपमा नै भेप मार्फत सुनको भन्सार चोरी पैठारीमा संलग्न रहेको देखिएको।

- राजनीतिज्ञ कृष्ण बहादुर महरा कार्यपालिकीय उच्च कार्यकारी पदमा पदाशीन भए लगत्तै दावाजिन वाङ सम्पर्कमा आएको र सो सम्पर्कलाई निरन्तरता दिएको माथि उल्लिखित तथ्यले निजबाट दावाजिन वाङको तस्करीजन्य कार्यमा राजनीतिक संरक्षण र सहयोग गरी प्रतिवादीले प्रत्यक्ष रुपमा राज्य शक्तिको दुरुपयोग गरेको भन्ने समेत देखिएको।
- पुर्पक्षका लागि थुनामा रहेका प्रतिवादी राधव राव पाण्डुरङ मरगलेले *मैंले सुने अनुसार सुनको तस्करीमा महरा र फरार चाइनिजहरूको लगानी* छ (सवाल ७ को जवाफमा) भनी सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँजबुझ आयोग, २०८० मा बयान गर्दा प्रतिवादी कृष्ण बहादुर महराको कसूरमा संलग्नता रहेको भनी पोल गरेको भनी आयोगको प्रतिवेदनको पृष्ठ ३५२ मा उल्लेख भएको देखिएको।
- तत्काल अमेरिकी राजदूतावासमा काम गर्ने भन्ने बुझिएका मोबाइल नम्बर ९८६०३०५९९९ रहेको तपेश गुप्तासँगको च्याट सम्वादमा निजले "Nothing any evidence about gold smuggling government and police, It is political revenge over me and my son, through by some evil elements, I have already gave reality on press by press Release, social news and press conference, Pls do not keep my illusion… it Nothing any evidence about gold smuggling by government and police. My son Rahul is really innocent; You must talk where it needs and where you have go access. Specially, west and south...." भन्ने समेतका च्याट सम्बादहरुको अर्थ सुनको अवैध पैठारीको आरोपबाट सफाई पाउने आधार प्रमाण प्रस्तुतिबाट होइन कि बाह्य शक्तिको सहयोगबाट छुटकारा पाउने तर्फ विश्वस्त र प्रयत्नरत रहेको भन्ने देखिएको र निज प्रतिवादीले बयानको स.ज. ३६ मा *चिनजानका मानिससँग भेटघाट हुँदा र फोनमा कुराकानी हुँदा मैंले मेरो छोरा राहुल भन्ने रेशम महरा निर्दोष छ छुटाउन सहयोग गर्नु भन्ने कुरा गरेको हो। यस्तैमा अमेरिकी राजदूतावासमा दोभाषेको काम गर्ने निज तपेश गुप्तासँग फोनमा कुराकानी हुँदा मेरो छोरा रेशम महरा निर्दोष छ भनेको सम्म हो* भन्ने व्यहोरासमेतबाट आफ्नो निर्दोषिताको प्रमाण अदालतमा पेश गर्नुको साटो प्रतिवादीले बाह्य सहयोगबाट छुटकारा दिलाउन प्रयत्न गरेको देखिएको।
- दावजिन वाङसँग १७ पटक, दिपेश पुनसँग २६६ पटक, राहुल महरासँग ४ पटक, निर्मल महरासँग ८ पटक, कृष्ण बहादुर महरासँग ४१ पटक सम्पर्क रहेको भन्ने कल डिटेलबाट देखिएको, वर्तमानमा १४ किलो सुन प्रकरणमा निजको पनि संलग्नताको तथ्यका आधारमा मुद्दा चली रहेका व्यक्ति जीवन कुमार गुरुङगसँग कृष्ण बहादुर महरा, छोराहरू एटम भनिने निर्मल महरा, राहुल भन्ने रेशम महरा समेतको उठबस एवं सम्पर्क पारीवारिक सम्पर्क सरहको रहेको र कृष्ण बहादुर महराकी पत्नी बिरामी हुँदा उपचारका लागि भारत लैजाने सम्मको सहयोगमा निज जीवन कुमार गुरुङबाट भएको भन्ने तथ्य जीवनकुमार गुरुङले अनुसन्धानको क्रममा स्वीकार गरेका भनी सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँजबुझ आयोग, २०८० को प्रतिवेदनको पृष्ठ ३५३ मा उल्लेख भएको।

- जीवन कुमार गुरुङले यस आयोगमा बयान कागज गर्दा एटम भनिने निर्मल महरा र मात्रिका यादव मार्फत कृष्ण बहादुर महरासँग चिनजान भई सम्बन्ध बढ्दै जाँदा सँगै खानपीन गर्ने गरेको र दावाजिनकै व्यवस्थापनमा खानपिन भई रहेको बखत निज कृष्ण बहादुर महराले दावाजिन वाङले रकम लगाई खरिद गरेको सवारी साधन आफ्नो नाउँमा राखी दिन भनेकाले उक्त डस्टर गाडी आफ्नो नाउँमा राखी दावाजिन वाङलाई प्रयोग गर्न दिएको । सुनको प्रसङ्ग आएपछि फिर्ता लैजान भन्दा नलगेकोले आफू स्वयंले खोजी उक्त गाडी CIB मा बुझाएको भन्ने समेत व्यहोरा खुलाएबाट दावाजिन वाङलाई सवारी साधन उपलब्ध गराउने कार्य समेत कृष्ण बहादुर महराको सहजीकरणमा भएको देखिई हालसम्मको अनुसन्धानबाट सुन तस्करीको यस प्रकरणमा मुख्य देखिएका मध्येका फरार व्यक्ति दावाजिन वाङलाई लजिस्टिक सपोर्ट गरेको तथ्य समेत प्रमाणित हुन आएको भन्ने सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँजबुझ आयोग, २०८० को प्रतिवेदनको पृष्ठ ३५३ मा उल्लेख भएको ।
- सुनको भन्सार चोरी पैठारी गर्ने चिनियाँ नागरिक दावाजिन वाङसँग निज कृष्ण बहादुर महराको लामो, अटूट र अस्वाभाविक सम्बन्ध रहेको र अर्को LI HANGSANG नामक चिनियाँ व्यक्तिले ल्याएको भेप त्रि.वि.भन्सारमा जफत भएकोलाई छुटाउने सम्बन्धमा आफैले प्रमुख प्रशासकलाई फोन गरी छोरा राहुल भन्ने रेशम महरालाई पठाई सङ्गठित रुपमा सुन तस्करी गर्ने कार्यमा दावाजिन वाङ समेतका चिनियाँ मूलका उल्लिखित व्यक्तिहरूसँग मिली सङ्गठित रुपमा सुन तस्करी गर्ने कार्यमा यी प्रतिवादी कृष्ण बहादुर महरा संलग्न रहेको देखिएको ।

अत: माथि उल्लेखित तथ्यहरुबाट मितिः २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट नेपाल आएका Li Hansong ले २ वटा सुटकेश भित्र ७३ वटा बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र नेपाली रु. ८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर रुपैयाँ) बराबरको हुन आउने ९ के.जी. ११.५२४ ग्राम सुन अवैध रुपमा लुकाई छिपाई भन्सार चोरी पैठारी गरी ल्याउने कार्यमा प्रतिवादी चिनिया नागरिक Daojin Wang को प्रत्यक्ष संलग्नता देखिएको, उक्त सुन बरामद हुनु अघि लुकाई छिपाई ल्याईएको मालवस्तु (ईलेक्ट्रिक सिगरेट (Vapes)) भन्सारमा जाँचपासको आवश्यक कानूनी प्रकृयामा रहेको अवस्थामा Daojin Wang समेतले कृष्ण बहादुर महरालाई तत्कालिन भन्सार प्रमुख भन्सार प्रशासक श्री अरुण पोखरेललाई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) छुटाउनको लागि कल गर्न लगाएको, प्रतिवादी कृष्ण बहादुर महराले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र रहेको सुन छुटाउन तत्कालिन भन्सार प्रमुख भन्सार प्रशासक श्री अरुण पोखरेललाई फोन सम्पर्क गरेको भन्ने निजहरु बिचको call details link chart र तत्कालिन भन्सार प्रमुख भन्सार प्रशासक श्री अरुण पोखरेलको कागज समेतबाट देखिएको, निज प्रतिवादी कृष्ण बहादुर महरा र चिनिया नागरिक Daojin Wang बिच विभिन्न मिति र वारदात अघि र पछि समेत पटक पटक फोन सम्पर्क भएको देखिंदा संगठित रुपमा ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अवैध रुपमा सुन चोरी पैठारी गर्ने कार्यमा  निज प्रतिवादी कृष्ण बहादुर महरासमेतको संलग्नता रहेको परिस्थितिजन्य प्रमाणबाट समेत पुष्टि हुन आएको देखियो ।

संगठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई विद्यमान अपराधहरुको श्रृङ्खलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढंगले गरिने आपराधिक कार्य हो । संगठित अपराधका प्रमुख विशेषतामा आपराधिक समुहको निरन्तरता, छुट्टै संरचना, सदस्यता, आपराधिक क्रियाकलाप, शक्ति वा आर्थिक लाभको

उद्देश्य, राजनितिक व्यक्तित्वबाट संरक्षण, राज्यको कानूनी दायराको ओझेलमा रहनु जस्ता कुराहरु पर्दछन् । मुख्यतया: संगठित अपराध कसुरमा उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्वको संरक्षण रहि आपराधिक कार्य हुने गरेको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादी कृष्ण बहादुर महराले आफ्नो उच्च पदस्थ र राजनीतिक प्रभावको प्रयोग गरी आपराधिक समुहको लाभको लागि मितिः २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587 बाट ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अवैध रुपमा नेपाली रु. ८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर रुपैयाँ) बराबरको हुन आउने ९ के.जी. ११.५२४ ग्राम सुन चोरी पैठारी गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न रहि संगठित रुपमा अवैध सुन पैठारी गरेको तथ्य निज प्रतिवादी कृष्ण बहादुर महराका छोराहरुको बयान कागज, तत्कालीन प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको कागजसमेतका माथि विवेचित प्रमाणहरु तथा परिस्थितिजन्य प्रमाण समेतबाट पुष्टि हुन आएकोमा निज प्रतिवादी कृष्ण बहादुर महराले गरेको उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), उपदफा (२) र उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेको स-प्रमाण पुष्टि हुन आयो ।

**अभियुक्तलाई हुनुपर्ने सजायः**

माथि विवेचित अवस्था र परिस्थितिमा निज प्रतिवादी कृष्ण बहादुर महराले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), उपदफा (२) र उपदफा (३) को खण्ड (क) बमोजिमको कसूर गरेकोमा बिगो रु. ८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर रुपैयाँ) को आधारमा निज प्रतिवादी कृष्ण बहादुर महरालाई भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१घ) को खण्ड (ख) बमोजिम सजाय हुन र प्रस्तुत कसूर संगठित रुपमा समूह बनाई तहगत रुपमा जिम्मेवारी अनुसारको कार्य गरी संगठित रुपमा कसूर गरेकोमा निज प्रतिवादी कृष्ण बहादुर महरालाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ९ को खण्ड (क) बमोजिम थप सजाय हुन मागदावी लिइएको छ ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः x**

**क्षतिपूर्तिको माग दाबीः**

साथै **अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ४१** बमोजिमको क्षतिपुर्ति शुल्क प्रतिवादीबाट पीडित राहतकोषमा भराई पाउँ ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**भन्सार ऐन, २०६४ को दफा ५७. दण्ड सजायः**

(१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(१घ) उपदफा (१) बमोजिमको कसूरको बिगो एक करोड रुपैयाँ भन्दा बढी भएमा त्यस्तो मालवस्तु जफत गरी मालवस्तुको बिगो बमोजिम जरिवाना र देहाय बमोजिमको कैद सजाय हुनेछः –

(क) एक करोड रुपैयाभन्दा बढी तीन करोड रुपैयासम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म ।

**(ख) तीन करोड रुपैयाभन्दा बढी बिगोमा तीन वर्ष देखी पाँच वर्षसम्म ।**

**<u>सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३. सङ्गठित अपराध गर्न नहुने:</u>**

(१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ ।

क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

**<u>दफा ९. सजाय : देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछ :-</u>**

(क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय,

**<u>अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः</u>**

**१.** प्रस्तुत मुद्दाको सक्कल मिसिल र पक्राउ प्रतिवादी कृष्ण बहादुर महरालाई यसै अभियोग पत्र साथ पेश गरिएको छ ।

**२.** प्रस्तुत कसुरमा संलग्न रहेका र प्रतिवादी कृष्ण बहादुर महराले प्रत्यक्ष रुपमा सहयोग गरेका चिनिया नागरीक पासपोर्ट नं. **ED7991343** भएका **DAOJIN WANG** को हकमा यस अघि यस कार्यालयबाट निर्णय भए बमोजिम नेपाल सरहद भित्र फेला परी आएमा कानून बमोजिम गरिनेछ ।

**३.** यस अघि तहाँ सम्मानित अदालतमा पेश भएको मुल अभियोगमा सक्कल कागजातहरु पेश गरिएको सो अभियोग र यस अघि पेश भएको पूरक अभियोग सहितका मिसिलहरु साथै राखी हेरी पाउँ ।

**<u>सबुद प्रमाण</u>** :

**<u>दशी प्रमाण तथा कसुरसंग सम्बन्धित चिज वस्तु</u>**:

**१.** IMEI 1: 357310429311048, IMEI 2: 357310429311055 भएको NOKIA कम्पनीको मोबाईल नं. ९८५१३५१०७५ को सिम समेत भएको कालो रंगको किप्याड मोबाईल थान-१ ।

**२.** मिति २०८१।०१।०९ गते, च.नं. ६७५ को नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, Digital Forensics Lab, नक्साल, काठमाडौंको पत्रसाथ प्राप्त मोबाईल परीक्षण प्रतिवेदनको Softcopy भएको DVD थान-१ ।

**गवाह** **: जाहेरवाला :** प्र.नि.राजेश थापा ।

**देख्ने,सुन्ने** **: बुझिएका मानिसः** अरुण पोखरेल ।

**<u>प्रस्तुत कागजातहरु :</u>**

१) मितिः २०८०।१२।०५ गतेको प्रहरी प्रतिवेदन र प्रतिवेदनसाथ संलग्न कागजातहरु पाना-७ ।

२) मितिः २०८०।१२।०५ गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।

३) मितिः २०८०।१२।०५ गतेको जरुरी पक्राउ पूर्जी पाना-१ ।

४) मितिः २०८०।१२।०५ गतेको प्रहरी प्रतिवेदन पाना-१ ।

५) मितिः २०८०।१२।०५ गतेको जिल्ला प्रहरी कार्यालय, तौलिहवा कपिलवस्तुको पत्र पाना-१ ।

६) मितिः २०८०।१२।०५ गतेको स्वास्थ्य परीक्षणको लागि लेखेको पत्र र स्वास्थ्य परीक्षण प्रतिवेदन पाना-२ ।

७) मितिः २०८०।१२।०५ गतेको थुनुवा पूर्जी पाना-१ ।

८) मितिः २०८०।१२।०५ गतेको जरुरी पक्राउ पूर्जी स्वीकृतको लागि लेखेको पत्र र सम्मानित काठमाडौं जिल्ला अदालतको आदेश पाना-१ ।

९) मितिः २०८०।१२।०५ गतेको जिल्ला सरकारी वकील कार्यालय, माईतीघर, काठमाडौंलाई पहिलो पटक म्याद थपको लागि लेखेको पत्र पाना-१ ।

१०) मितिः २०८०।१२।०५ गतेको सम्मानित काठमाडौं जिल्ला अदालतलाई लेखेको पत्र र सम्मानित अदालतको म्याद थप आदेश पाना-१ ।

११) मितिः २०८०।१२।०५ गतेको सम्मानित काठमाडौं जिल्ला अदालतको म्याद थप आदेश पाना-१ ।

१२) मितिः २०८०।१२।०५ गतेको मोबाईल दाखिला गरेको प्रहरी प्रतिवेदन पाना-१ ।

१३) मितिः २०८०।१२।०५ गतेको नर्भिक अन्तराष्ट्रिय अस्पताल, थापाथली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

१४) मितिः २०८०।१२।०६ गतेको पुन: अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।

१५) कृष्ण बहादुर महराको नागरिकताको प्रतिलिपी पाना-१ ।

१६) मितिः २०८०।१२।०६ गते, च.नं. ९९१९ को नेपाल राष्ट्र बैंक तथा वित्तिय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

१७) मितिः २०८०।१२।०७ गते, च.नं. ९९२३ को नेपाल धितो पत्र बोर्ड, जावलाखेल, ललितपुरलाई लेखेको पत्र पाना-१ ।

१८) मितिः २०८०।१२।०७ गते, च.नं. ९९२४ को नेपाल स्टक एक्सचेन्ज, पुतलीसडक, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

१९) मितिः २०८०।१२।०७ गते, च.नं. ९९२५ को भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२०) मितिः २०८०।१२।०७ गते, च.नं. ९९२६ को सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२१) मितिः २०८०।१२।०७ गतेको नर्भिक अन्तराष्ट्रिय अस्पताल, थापाथली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२२) मितिः २०८०।१२।०७ गते, च.नं. ९९४५ को काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंलाई कल विवरण माग गर्ने अनुमतिको लागि लेखेको पत्र र सम्मानित अदालतको कल विवरण माग गर्ने अनुमति पाना-१ ।

२३) मितिः २०८०।१२।०७ गते, च.नं. ९९६४ को नेपाल टेलिकम, भद्रकाली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२४) मितिः २०८०।१२।०७ गते, च.नं. ९९६५ को नेपाल टेलिकम, भद्रकाली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२५) मितिः २०८०।१२।०७ गते, च.नं. ९९६६ को CRS अभिलेख जाँचको लागि लेखेको पत्र पाना-१ ।

२६) मितिः २०८०।१२।०७ गतेको CRS अभिलेख जाँचको प्रतिवेदन पाना-१ ।

२७) मितिः २०८०।१२।०८ गते, च.नं. ९९७९ को प्रहरी वृत्त, नयाँ बानेश्वरलाई लेखेको पत्र पाना-१ ।

२८) मितिः २०८०।१२।०८ गते, च.नं. ९९७८ को राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार प्लाजा, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

२९) मितिः २०८०।१२।०८ नर्भिक अन्तराष्ट्रिय अस्पताल, थापाथली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

३०) प्रतिवादी कृष्ण बहादुर महराको फोटो पाना-१ ।

३१) प्रतिवादी कृष्ण बहादुर महराको औंलाछाप अभिलेख पाना-१ ।

३२) मितिः २०८०।१२।०८ गतेको बयान कार्यको लागि प्रतिवादी उपस्थित पत्र पाना-१ ।

३३) मितिः २०८०।१२।०८ गतेको प्रतिवादी कृष्ण बहादुर महराको बयान पाना-१० ।

३४) मितिः २०८०।१२।०८ गतेको जिल्ला सरकारी वकील कार्यालय, माईतिघर, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

३५) मितिः २०८०।१२।०८ गतेको कुमारी बैंक लि.को पत्र पाना-१ ।

३६) मितिः २०८०।१२।०८ गतेको नेपाल बैंक लि.को पत्र समेत संलग्न कागजातहरु पाना-३ ।

३७) नर्भिक अन्तराष्ट्रिय अस्पताल, थापाथली, काठमाडौंको प्रतिवादी कृष्ण बहादुर महराको Admission Form को प्रतिलिपी पाना-१ ।

३८) मितिः २०८०।१२।०९ गतेको जिल्ला सरकारी वकील कार्यालय, माईतिघर, काठमाडौंलाई लेखेको पत्र पाना-३ ।

३९) मितिः २०८०।१२।०९ गतेको नर्भिक अन्तराष्ट्रिय अस्पताल, थापाथली, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

४०) मितिः २०८०।१२।०९ गतेको जिल्ला सरकारी वकील कार्यालय, माईतिघर, काठमाडौंको पत्र पाना-१ ।

४१) मितिः २०८०।१२।०९ गतेको जिल्ला जमानि कागज पाना-१ ।

४२) मितिः २०८०।१२।०९ गतेको मालपोत कार्यालय, लिवाङ, रोल्पाको पत्र समेत संलग्न कागजातहरु पाना-४ ।

४३) मितिः २०८०।१२।०८ गतेको एभरेष्ट बैंक लि.को पत्र समेत संलग्न कागजातहरु पाना-४१ ।

४४) मितिः २०८०।१२।०८ गतेको शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.को पत्र पाना-१ ।

४५) नेपाल टेलिकमबाट प्राप्त ईमेल र युजर डिटेल्स समेतका कागजातहरु पाना-६ ।

४६) मितिः २०८०।१२।०९ गतेको प्रभु बैंक लि.को पत्र पाना-१ ।

४७) मितिः २०८०।१२।१२ गतेको एनआईसि एसिया बैंक लि.को पत्र पाना-१ ।

४८) मितिः २०८०।१२।०८ गतेको सहकारी विभाग, नयाँ बानेश्वरको बोधार्थ पत्र पाना-१ ।

४९) मितिः २०८०।१२।०८ गतेको सहकारी विभाग, नयाँ बानेश्वरको बोधार्थ पत्र पाना-१ ।

५०) मितिः २०८०।१२।०९ गतेको नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लि.को पत्र पाना-१ ।

५१) मितिः २०८०।१२।१२ गतेको स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि.को पत्र पाना-१ ।

५२) मितिः २०८०।१२।०८ गतेको शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.को पत्र पाना-१ ।

५३) प्रतिवादीको फोन कल विवरणको लिंक चार्ट पाना-१ ।

५४) मितिः २०८०।१२।१३ गतेको अरुण पोखरेलको घटना विवरण कागज पाना-३ ।

५५) मितिः २०८०।१२।१८ गते, च.नं. १०२२३ को राष्ट्रिय वाणिज्य बैंक लि., सिंहदरबार प्लाजा, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

५६) मितिः २०८०।१२।१८ गतेको निर्मल महराको घटना विवरण कागज पाना-३ ।

५७) मितिः २०८०।१२।१८ गतेको बिमला महरा (के.सी.)को घटना विवरण कागज पाना-२ ।

५८) मितिः २०८०।१२।२५ गतेको के.अ. ब्यूरो (प्राविधिक सूचना संकलन तथा विश्लेषण शाखा) (पिलर-६) लाई लेखेको पत्र पाना-१ ।

५९) नेपाल टेलिकमबाट प्राप्त IMEI History को ईमेल पाना-१ ।

६०) मितिः २०८०।१२।१६ गतेको सिडिएस एण्ड क्लियरिङ्ग लि.को पत्र समेत संलग्न कागजातहरु पाना-३ ।

६१) मितिः २०८१।०१।०२ गतेको के.अ. ब्यूरो (प्राविधिक सूचना संकलन तथा विश्लेषण शाखा) (पिलर-६) को पत्र र प्रतिवेदन पाना-२ ।

६२) मितिः २०८१।०१।०३ गते, च.नं. १०७४३ को नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, Digital Forensic Lab, नक्साल, काठमाडौंलाई लेखेको पत्र पाना-१ र ऐ. विभागको भरपाई रसिद थान-१ ।

६३) ०४ अप्रिल २०२४ को नबिल बैंक लि.को पत्र समेत संलग्न कागजातहरु पाना-५३ ।

६४) ३१ मार्च २०२४ को नबिल बैंक लि.को पत्र पाना-१ ।

६५) गन्ज बहादुर के.सी. र प्रतिवादी राहुल भन्ने रेशम महरा, कृष्ण बहादुर महरा र चिनियाँ नागरिक DAOJIN WANG बिचको कल विवरण पाना-३ ।

६६) मितिः २०८१।०१।०३ गतेको गन्ज बहादुर के.सी.को घटना विवरण कागज पाना-३ र नागरिकताको प्रतिलिपी ।

६७) मितिः २०८१।०१।०४ गतेको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, Digital Forensic Lab, नक्साल, काठमाडौंको पत्र पाना-१ ।

६८) मितिः २०८१।०१।०९ गतेको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, Digital Forensic Lab, नक्साल, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

६९) मितिः २०८१।०१।०९ गतेको नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, Digital Forensic Lab, नक्साल, काठमाडौंको पत्र पाना-१ ।

७०) मितिः २०८१।०१।१७ गते, च.नं. ११२२२ को जिल्ला प्रहरी परिसर, टेकु, काठमाडौंलाई लेखेको पत्र पाना-१ ।

७१) मितिः २०८१।०१।१८ गते, च.नं. १५३७३ को जिल्ला प्रहरी परिसर, टेकु, काठमाडौंको पत्र समेत संलग्न कागजातहरु पाना-९ ।

७२) मितिः २०८१।०१।१८ गते, च.नं. ११३०६ को नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालय, नक्साल, काठमाडौंलाई लेखेको पत्र समेत संलग्न कागजातहरु पाना-३ ।

७३) मितिः २०८२।०२।२७ गतेको पुन: अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।

७४) मितिः २०८२।०६।२३ गतेको प्रहरी प्रतिवेदन र सोसाथ संलग्न राहदानीको प्रतिलिपी समेत पाना-२ ।

७५) मितिः २०८२।०६।२६ गतेको प्रतिवादी पक्राउ गरेको प्रतिवेदन पाना-१।

७६) मितिः २०८२।०६।२६ गतेको जरुरी पक्राउ पुर्जी पाना-१।

७७) मितिः २०८२।०६।२६ गतेको थुनुवा पुर्जी पाना-१।

७८) मितिः २०८२।०६।२६ गतेको स्वास्थ्य परिक्षण प्रतिवेदन पठाई दिन लेखिएको पत्र र स्वास्थ्य परिक्षण प्रतिवेदन पाना-२ ।

७९) मितिः २०८२।०६।२७ गतेको थप कागजातहरु पठाईएको पत्र पाना-१ ।

**यो अभियोग पत्रबाट कारवाही शुरु गरी पाउँ ।**

**सरकारी वकीलको**

**दस्तखतः**

**नामः नमुना गोदार**

**दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता**

**सरकारी वकीलको,**

**दस्तखतः**

**नामः रत्नकेशरी महर्जन**

**दर्जाः सहायक जिल्ला न्यायाधिवक्ता**

**सरकारी वकीलको,**

**दस्तखतः**

**नामः गोविन्द प्रसाद हुमागाईं**

**दर्जाः जिल्ला न्यायाधिवक्ता**

**कार्यालयःजिल्ला सरकारी वकील कार्यालय, काठमाडौं**

**मितिः२०८२/०६/२७/२**

**कार्यालयको छापः**